# सिदिङ्वा गाउँपालिका खानेपानी मुहान संरक्षण तथा दर्ता सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना : सिदिङ्वा गाउँपालिका क्षेत्र भित्रका भूसतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न जलस्रोतको उपयोगवाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदूषणमुक्त राखी सामुहिक हितमा समुचित प्रयोग गर्न वान्छनीय भएकोले सिदिङवा गाउँपालिकाको " वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन २०८२" को दफा ३७ को उपदफा ३ मा "आफ्नो क्षेत्रमा रहेको खानेपानीको मुहानको पहिचान,अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ"उल्लेख भएकाले यसै दफाले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले"सिदिङ्वा गाउँपालिका खानेपानी मुहान संरक्षण तथा दर्ता कार्यविधि, २०८२" जारी गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सिदिङ्वा गाउँपालिकाको मुहान संरक्षण तथा दर्ता कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "जलस्रोत" भन्नाले नगर भित्रको भूसतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ।

(ख) "लाभदायक उपयोग" भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको जलस्रोतको उपयोग सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता संस्था/समिति" भन्नाले दफा ६ बमोजिम गठित खानेपानी उपभोक्ता संस्था/ समितिलाई सम्झनु पर्दछ।

(घ) "वातावरण तथा विपद समिति" भन्नाले सिदिङ्वा गाउँपालिकाले वातावरण तथा विपद समितिलाई सम्झनु पर्दछ।

(ड) "उपभोक्ता" भन्नाले सम्बन्धित सेवा प्रयोग तथा उपभोग गर्ने ब्यक्ति वा समूहलाई सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले सिदिङ्वा गाउँपालिकालाई सम्झनु पर्दछ ।

अनुसूची-२

(दफा ७ को उपदफा (१) बमोजिम)

सिदिङ्वा गाउँपालिका

वातावरण तथा विपद समिति

सिदिङ्वा गाउँपालिका

खानेपानी उपभोक्ता संस्था/दर्ता प्रमाण पत्र

दर्ता मितिः

दर्ता नः

श्री.............................................

(सम्बन्धित उपभोक्ता संस्थाको नाम)

सिदिङ्वा गाउँपालिका वडा नः ...

सिदिङ्वा गाउँपालिका वातावरण तथा विपद समितिको मिति. .................. को निर्णय बमोजिम सिदिङ्वा गाउँपालिका खानेपानी मुहान संरक्षण तथा दर्ता कार्यविधि, २०८२ बमोजिम यस कार्यालयमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ। सिदिङ्वा गाउँपालिकाको निर्देशन तथा कार्यविधि बमोजिम कार्यक्रम संचालन गरी आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र तोकिएको दस्तुर बुझाई नवीकरण गर्नुहुन जानकारी तथा अनुरोध गरिन्छ।

सहीः

नामथरः

पदः सदस्य सचिव

वातावरण तथा विपद समिति

